# आ.व २०८१।०८२ का लागि प्रस्तावित नीति तथा कार्यक्रमहरु:

## "दिर्घकालिन सोचः स्वच्छ, समृद्ध र समतामूलक उर्लाबारी"

### कृषि विकास तर्फः

१. सुख्खाग्रस्त क्षेत्रमा मोटर/बोरिङ जडानमा सहयोग साथै कुलो (पैनी) मर्मत गरेर सिंचित क्षेत्र विस्तार गरिने छ। सिंचाईमा सहुलियत प्रदान गरिने छ।

२. माटो परिक्षण गरी माटो सुधार गर्नको लागि आवश्यक ब्यवस्थापन गरिने छ।

३. बेमौसमी तरकारी उत्पादन गरेर उर्लाबारी नगरलाइ आत्मनिर्भर बनाउन कार्य संचालन गरिने छ ।

४. कृषि बालीलाई पकेट विकासको रुपमा कार्यक्रम संचालन गरिने छ ।

५. नगरभित्र उत्कृष्ट कृषि कार्य संचालन गर्ने कृषकहरुलाइ सम्मान/प्रोत्साहन स्वरुप उत्पादनको आधारमा सम्मान गर्ने कार्य संचालन हुनेछ ।

६. कृषि मजदुर परिचालन गर्ने नीति लिइनेछ ।

७. ब्यवसायिक फलफुल बगैचा निर्माण गर्न चाहने किसानलाई सहुलियत रुपमा बिरुवा उपलब्ध गराईनेछ ।

८. सामुदायिक बनहरुसंग साझेदारीमा मसला, जडिबुटीजन्य उत्पादन र बेसार, अदुवासँगै केरा खेतीलाई प्रोत्साहन गरिनेछ ।

९. बैदेशिक रोजगारबाट शिप सिकेर स्वदेशमा आई आफ्नो श्रम, सिप र पुँजीको उपयोग गरी कृषि व्यवसाय संचालन गर्ने कृषकलाइ सहयोग गरिनेछ।

१०. बाली र वातावरणलाई संरक्षण गर्दै रोग/किरा न्यूनिकरण गर्ने नीति लिइनेछ ।

११. नगरलाइ आत्मनिर्भर बनाउनको लागि बिभिन्न बालीको बीउ उत्पादन गर्ने कृषक/संस्थालाइ सहयोग गरिनेछ ।

१२. कृषिमा यान्त्रिकिकरण, व्यवसायिकरण गर्न चाहने कृषक/संस्था लाइ प्रविधिमैत्रि खेती गर्न आवश्यक कृषि औजार/उपकरण व्यवस्था गरिने छ ।

१३. नगरको भू-वर्गिकरण अनुसार कृषि क्षेत्रलाई प्राथमिकता दिएर कार्य संचालन गरिनेछ ।

१४. कृषि थोक बजार निर्माण सम्पन्न गरिने तथा मिनि कोल्ड रुम निर्माण कार्य सुरुवात गरिने छ ।

१५. फूलखेतीमा विशेष महत्व दिईने छ ।

१६. रैथाने बीउ बिजनको प्रयोग गर्ने नीति लिइनेछ ।

१७. जैविक कृषि प्रणाली र जैविक कृषि उत्पादनलाई प्रोत्साहित गर्दै लगिनेछ ।

१८. कृषिजन्य उत्पादनको बिक्रीका लागि डिजिटल मार्केटिंग प्रणालीको विकास गरिदै लगिनेछ ।

१९. बालीमा लाग्ने रोगहरुका लागि विशेषज्ञ सहितको बाली उपचार शिविर सञ्चालन गरिनेछ ।

२०. नदी उकास जग्गामा सामुहिक कृषि खेतीको अवधारणा ल्याइ प्रोत्साहन गरिनेछ ।

२१. वैदेशिक रोजगारबाट फर्केका युवायुवतीको कृषक समूह निर्माण गरेर विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. नगरस्तरीय कृषि प्रोफाइल तयार गर्न कृषकहरुको सूचीकरण गरी परिचयपत्र दिने,

२३. टोल विकास संस्थाको साझेदारीमा कृषि उद्यम र गरिबी निवारण कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

२४. दिगो कृषि प्रवर्धनका लागि कृषि क्षेत्रको एकीकृत गुरुयोजना तयार गरिनेछ ।

२५. स्थानीय तहमा उपलब्ध कृषिजन्य स्रोत र कच्चा पदार्थमा आधारित लघु उद्योग स्थापनामा जोड दिइनेछ ।

२६. हिउँदको समयमा बगरखेती कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. सहुलियतमा कृषि फर्म सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

२८. नगदे बाली, बेमौसमी तरकारी लगाउन प्रोत्साहन गरिनेछ ।

२९. जडीबुटीजन्य कृषि उत्पादनलाई जोड दिइनेछ ।

३०. आफूलाई चाहिने अर्गानिक तरकारी आफैं उत्पादन गर्ने, आफ्नो बजारभित्र आफ्नै उत्पादन मात्र बिक्री गर्ने, रासायनिक तथा बाहिरबाट ल्याउन निरुत्साहित गर्ने नीति लिइनेछ ।

३१. वर्षे धान खेतीलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ ।

३२. कृषिमा सहकारीलाई जोड्ने नीति लिइनेछ ।

## पशुपन्छी सेवा तर्फः

३३. पशुपन्छी सेवा शाखाको प्राबिधिक सेवा, पशु स्वास्थ्य उपचार सेवा र प्रयोगशाला सेवालाई निरन्तरता दिइनेछ ।

३४. महामारी संक्रामक रोगहरु (लम्पि स्किन, खोरेत, पि.पि.आर, स्वाइन फिबर, रेबिज,एच एस बि क्यु र इन्टेरोटक्सिमिया आदी) बिरुद्धको निशुल्क खोप कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

३५. उन्नत जातका पशुपन्क्षिहरुको बिस्तार गर्दै पशुनक्ष्ल सुधार कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३६. पशुजन्य उत्पादनमा लागत कम गर्न घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्दै पशु आहारा बिकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३७. बिशेषज्ञ सहितको पशु स्वास्थ्य शिबिर/घुम्ति शिबिरहरु/सामुदायिक कुकुरबाट हुने जोखिम कम गर्न सामुदायिक कुकुर बन्ध्याकरण शिबिर सञ्चालन गरिनेछ ।

३८. पशुधन क्षति बाट कृषकलाई हुने आर्थिक नोक्सानीको जोखिम कम गर्न पशु बिमा कार्यक्रम सञ्चालन गरिनेछ ।

३९. व्यवसायिक फर्म समुह, समिति, सहकारी संघ सस्थाहरुसंग सहकार्य/साझेदारी कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

४०. पशुजन्य उत्पादनमा आधारीत अनुदान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४१. सचेतना तथा कृषकहरुको व्यवसायिक क्षमता बिकासका लागी तालिमहरु सञ्चालन गरिनेछ ।

४२. उपभोक्ताहरुलाई स्वस्थ्यकर मासु उपभोगका लागी पशुवधशाला निर्माण गर्न सम्बन्धित निकायहरुसंग सहकार्य गर्दै लगिनेछ ।

४३. पशुजन्य उत्पादन दुध/फुल/माछामासुमा आत्मनिर्भर बनाउन तथा पशुजन्य उत्पादन निर्यात प्रबर्धन गर्न प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. गाई भैसीमा सुत्केरी स्याहार सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

४५. पशुपालन व्यवसायको जोखिम कम गर्न पशु बिमा कार्यक्रम, एक घर एक गाइ नाराका साथ अघि बढाउने नीति लिइनेछ ।

४६. हरियो घाँसमा आधारित पशुपालनलाई जोड दिदै दूध उत्पादनमा, भण्डारण र बजारीकरणमा जोड दिइनेछ ।

४७. गोठदेखि ओठसम्मका नीति अवलम्बन गरिनेछ ।

४८. गोठ व्यवस्थापन र गड्यौले मलको उत्पादन बढाइनेछ ।

४९. वडामा सञ्चालनामा रहेका सेवा केन्द्रको व्यवस्थापन र पूर्वाधार विकास गर्दै लगिनेछ ।

## पर्यटन विकासः

५०. पर्यटकीय स्थलहरुको गुरुयोजना निर्माण गरी सोही अनुसार कार्यान्वयन गरिनेछ ।

५१. स्थानीय जातजाति र भाषा-भाषिहरुको पहिचान झल्कने कला, संस्कृति, सिप र सामग्रीहरुको खोज, संरक्षण एवम् प्रबर्द्धनमा जोड दिइनेछ ।

५२. पर्यटन क्षेत्रको रुपमा चिनिएको बेतिनी सिमसार, लामपाते, बाँसेचौरी, बुढाठाकुर र प्रगततिशिल सामुदायिक वनमा रहेको सिमसार लगायतका सिमसारको संरक्षण र सम्बर्द्धन गर्दै यसको प्रचार प्रसारलाई प्राथमिकता दिइनेछ ।

५३. स्थानीय मठ, मन्दिर, देवालय, शिवालय, चर्च, मस्जिद, महाराजथान, गुम्बा र धार्मिकस्थलको विकास र संरक्षणमा स्थानीय समुदायसँग सहकार्य गरिनेछ ।

५४. मनोहर सामुदायिक वनमा रहेको चिल्ड्रेन पार्कलाई व्यवस्थित गरिनेछ ।

५५. पर्यटन प्रवर्द्धन र सम्बर्द्धन लागि बजार विस्तार गर्न आवश्यक पहल गरिनेछ ।

५६. मञ्जुल मितेरीबाट निर्मित मूर्ति र कलाको संरक्षण र सम्बर्द्धन गर्न संग्रहस्थलको स्थापना र व्यवस्थापन गर्नको लागि पहल गरिनेछ ।

५७. पहिलो जातिको रुपमा रहेको धिमाल जातिको धर्म, संस्कृति र भाषा प्रबर्द्धनका लागि योजनाबद्ध विकास गर्दै लगिनेछ ।

५८. सामुदायिक वनको साझेदारीमा पर्यापर्यटनको कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

५९. एकिकृत पर्यटन विकासका लागि नगरक्षेत्रका सिमसारहरुलाई जोड्न *BIO-Link Road* को निर्माण गरिनेछ ।

६०. मावा करिडोर सौन्दर्यीकरण योजना सञ्चालनमा पहल गरिनेछ ।

६१. आन्तरिक पर्यटन प्रवद्र्धनमा टेवा पुऱ्याउनका लागि नगर क्षेत्रका मदन भण्डारी प्रतिष्ठान, विभिन्न धार्मिक स्थल, आरआरएनको परियोजना तथा अन्य क्षेत्रमा वृक्षारोपण र मनोरञ्जनात्मक पार्क बनाउन पहल गरिनेछ ।

६२. ऐतिहासिक महत्व बोकेका धिमाल, दनुवार, माझी, डोम, सन्थाल जातिको संस्कृतिको संरक्षण गर्दै होम स्टे सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

६३. निर्माणाधिन बक्राहा विष्णु गंगा धामलाई बजेट विनियोजनमा निरन्तरता दिई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा निरन्तर विकास गर्दै लगिनेछ ।

## सहकारी क्षेत्रको सुदृढिकरणः

६४. उर्लाबारी नगरपालिका भरि संचालनमा रहेका सहकारी र सेवा केन्द्र विस्तार भई संचालित सहकारीहरुको आर्थिक विश्लेषण गरि प्रतिवेदन तयार गरिनेछ ।

६५. उर्लाबारी नगरपालिकामा रहेका सहकारीहरुको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६६. उर्लाबारी नगरपालिकामा संचालनमा रहेका संस्थाहरुको अभिलेख तयार गर्नुका साथै विकास निर्माणको कार्यमा उनिहरुको भुमिका विषयमा छलफल गरि परिचालन गरिने नीति लिइनेछ ।

६७. सहकारी संस्थाहरुलाई एकिकृतरुपमा सञ्चालन गर्न/गराउन पहल गरिनेछ ।

## रोजगार प्रबर्द्धन नीतिः

६८. रोजगार सम्वन्धी कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६९. दिर्घकालिन रोजगारीका लागि साना तथा मझौला उद्योग सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

७०. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडाका योजनाहरुसंग साझेदारीमा १०० जना श्रमिकलाई न्युनतम १०० दिनको रोजगारी कार्यक्रममा सहभागी गराइनेछ ।

७१. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत श्रमिक सुचना बैंकको अवधारणा अनुसार कार्ययोजना तयार गरिनेछ ।

७२. श्रमको सम्मान राष्ट्रको अभियान रणनीति कार्यान्वयन गरिदै लगिनेछ ।

७३. स्थानीय तहमा आर्थिक नीति तथा योजना, आर्थिक विकाश पूर्वाधार, आर्थिक सशक्तीकरण र उद्यमशिलता तथा औद्योगिक प्रवर्द्धनको निमित्त स्थानीय आर्थीक विकास सुचकलाई कार्यन्वयनमा ल्याइनेछ ।

७४. यूवाहरुको अन्तरनिर्हित प्रतिभाको पहिचान गरि रोजगारीमा जोड्ने अवधारणा लिइनेछ ।

७५. कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभुत आवशयकता साथै पर्यटनमा रोजगारीलाई जोड्ने काम गरिनेछ।

७६. न्यूनतम ३०० जना व्यक्तीलाई सीपमूलक तालिम प्रदान गर्ने नीति लिइनेछ । तालिम सञ्चालनका लागि समृद्दि परियोजना, इभेन्ट सि.टि.भि.टि लगायतका संस्थासंग सहकार्य गरिनेछ ।

७७. स्थानीय उत्पादनलाई स्थानीयरुपमा उपभोग गर्न प्रोत्साहन गरिनेछ ।

७८. वैदेशिक अनुभव लिएर स्वदेश फर्केका युवाले साना उद्योग सञ्चालन गर्न चाहेमा पाँच वर्षमा फिर्ता गर्ने गरी बिउँ पुंजी प्रदान गरिनेछ ।

७९. वैदेशिक रोजगारबाट फर्केकाहरुको अनुभव संगठित गर्दै प्रदेश र संघीय सरकारसँग साझेदारीका कार्यक्रम सञ्चालन गरिनेछ ।

८०. संगठित तथा असंगठित क्षेत्रमा काम गर्नेलाई श्रमिक परिचयपत्र दिन सम्बन्धित संस्थासँग पहल गरिनेछ ।

८१. आप्रवासन प्रकृयाका चरणहरु (प्रस्थान पुर्व, प्रस्थान र पुनःएकीकरण) सम्वन्धी कार्यक्रमहरु संचालन गरी वैदेशिक रोजगार प्रकृया सुरक्षित, ब्यवस्थित गर्ने र विप्रेषणको सही परिचालन गर्न प्रोत्साहन गरिनेछ ।

८२. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप तथा कार्य अनुभव सहितको अभिलेखिकरण र बैदेशिक रोजगारको प्रोफायल अध्यावधिक गरिनेछ ।

८३. श्रम डेस्क स्थापना गरी, श्रमको माग तथा आपूर्तिको लागि रोजगारदाता र स्वदेशी तथा बैदेशिक रोजगारबाट फर्केको बेरोजगार व्यक्ति बीच पुलको काम गरिनेछ ।

८४. बैदेशिक रोजगारबाट फर्की आएका ब्यक्ति र परिवारहरुका लागि आर्थिक मनोसामाजिक र परिवार परामर्श गरी पुर्नस्थापनामा पहल गरिनेछ ।

८५. बैदेशिक रोजगारबाट फर्केका ब्यक्ति तथा परिवारहरुको ज्ञान सीप, अनुभव र पूजीको परिचालन गरी स्वदेशमानै स्वरोजगार हुने वातावरण सिर्जना गरिनेछ ।

८६. श्रम बजारको अध्ययन गरी बजारको माग अनुसारका दक्ष जनशक्ति उत्पादन गर्न बैदेशिक रोजगारबाट फर्केका ब्यक्ति तथा परिवारहरुको लागि सिपमूलक तथा क्षमता बिकास कार्यक्रम संचालन गरिनेछ ।

८७. गरिब परिवार पहिचान र परिचयपत्र वितरणका लागि पहल गरिनेछ ।

८८. नगरपालिका भित्रको आन्तरिक श्रम बजारमा उपयोग हुने श्रम तथा सीपमा उपलब्ध भए सम्म स्थानिय जनशक्तिलाई परिचालन गर्ने नीति अबलम्बन गरिनेछ ।

## स्वास्थ्य सेवा सम्बन्धीः

८९. नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरणिय आधारभुत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गरिनेछ ।

९०. स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा आवश्यकताका आधारमा क्रमशः निःशुल्क आधारभूत प्रयोगशाला (ल्याब) सेवा विस्तार गरिदै लगिनेछ ।

९१. स्वास्थ्य संस्थाहरुमा औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गरिदै लगिनेछ ।

९२. अति विपन्न तथा गरिब नागरिकहरुलाई आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागी उपलब्ध गराइएको सहायतालाई निरन्तरता दिइनेछ ।

९३. सरकारले विपन्न नागरिकहरुलाई उपचार सहुलियत दिदै आएको आठ ओटा रोगहरु (क्यान्सर, मृगौला, मुटुरोग, स्पाइनल इन्ज्युरी, पार्किन्सन्स, हेडइन्ज्युरी, अल्जाइमर र

सिकलसेल एनिमिया) का विपन्न बिरामीहरुलाई प्रदान गरिएको यातायात खर्च (एम्बुलेन्स भाडा) मा निरन्तरता दिइनेछ ।

९४. पुर्णखोप दिगोपनाको लागी खोप केन्द्रहरुको भौतिक व्यवस्थापन, गुणस्तरीय खोप सेवाका लागी नयाँ स्वास्थ्यकर्मिहरुलाई तालिम र सरोकारवालहरुको समन्वयमा जनचेतनामूलक कार्यक्रम गरी यस नगरपालिकालाई पुर्णखोप युक्त नगर कायमै राखिनेछ ।

९५. स्वास्थ्य संस्थाहरुले गर्ने प्रतिवेदनलाई गुणस्तरीय, अनलाइन तथा डिजिटल प्रविधिमा पुर्णरुपमा लगिनेछ साथै स्वास्थ्य सेवाको गुणस्तरलाई सुधार गर्न न्यनतम सेवा मापदण्ड कार्यान्वयन गरिनेछ ।

९६. विपन्न महिलाहरुको पाठेघरको समस्या भई अप्रेसन *(hysterectomy)* का लागि आनुदानको व्यवस्था गरिनेछ ।

९७. मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरको साझेदारीमा उपचार सहायताको कार्यक्रम सञ्चालन गरिनेछ ।

९८. सबै वडामा कार्यरत महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई आ-आफ्नो कार्यक्षेत्रमा दत्तचित्त भई काम गर्न उत्प्रेरित बनाउन प्रोत्साहन तथा पुरस्कारको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

९९. निजी अस्पताल, पोलिक्लिनिक, क्लिनिक तथा सहकारी अस्पतालहरुको सेवालाई व्यवस्थित गराउन तोकिएका सेवाहरुको प्रवाह, सेवाशुल्क आदि मापदण्ड अनुसार भए नभएको नियमित अनुगमन गरिनेछ । साथै निजी स्वास्थ्य संस्थाहरुको संचालन अनुमती तथा नवीकरणलाई व्यवस्थित गरिनेछ ।

१००. स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक सेवाहरुलाई एकिकृत रुपमा विकास तथा विस्तार गर्दै लगिनेछ ।

१०१. नवशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर र बाल मृत्युदरहरुलाई घटाई औषत आयु बढाइने किसिमका कृयाकलापहरु संचालन गरिनेछ ।

१०२. आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणाणीलाई विकास र विस्तार गरिनेछ साथै स्थानीयस्तरमा उपलब्ध हुने जडिबुटीहरुको प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ ।

१०३. बिपन्न ज्येष्ठ नागरीक तथा दिर्घरोगीहरुलाई मधुमेह र उच्च रक्तचाप रोगको औषधिहरु सबै स्वास्थ्य संस्थाबाट निसुल्क वितरण गरिनेछ, साथै ज्येष्ठ नागरीक तथा दिर्घरोगीहरुको नियमित रक्त सुगर तथा रक्तचाप जाचँ सेवा लाइ निरन्तरता दिइनेछ ।

१०४. गुणस्तरीय सेवा तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धीका लागी तालिम, अभिमुखीकरण गोष्ठी तथा अनसाइट कोचिङ तथा नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।

१०५. महिला तथा बालबालिका लगायत विभिन्न उमेर समुहको शुक्ष्म पोषण अवस्था सुधारका लागि खाद्य विविधीकरण तथा सन्तुलित आहार उपभोगमा जोड दिइनेछ साथै बालबालिकाहरुको नियमित पोषण अवस्थाको लेखाजोखा गरिनेछ ।

१०६. विपन्न परिवारलाई स्वास्थ्य विमा कार्यक्रममा गरिएको निःशुल्क आबद्धतालाई निरन्तरता दिइनेछ साथै थप विपन्न परिवारको पहिचान गरी निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ ।

१०७. सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गतको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०८. माहामारी प्रकोप तथा किटजन्य रोगहरुको रोकथामको लागी विभिन्न कार्यक्रमहरु संचालन गरी माहामारी नियंत्रण गरिनेछ । जसका लागी औषधि, उपकरणहरु समेतको प्रर्याप्त व्यवस्था गरिनेछ ।

१०९. नसर्ने रोगको प्रकोपको न्यूनिकरणका लागि स्वास्थ्य प्रबर्द्धनात्मक सेवामा विशेष जोड दिइनेछ साथै व्यक्ति, परिवार, समाज तथा सम्बन्धित निकयहरुलाई जिम्मेवार बनाउदै एकिकृत स्वास्थ्य प्रणलीको विकास र विस्तार गरिनेछ ।

११०. सववहान र एम्वुलेन्स सेवाको नियमित व्यवस्था मिलाईनेछ ।

१११. स्वास्थ्य रहनु नागरिकको स्वयं जिम्मेवारी हो भन्ने तथ्यलाई स्वास्थ्य सचेतना मार्फत अभिवृद्धी गर्दै स्वस्थ्य जिवनशैलि प्रर्वद्धन गरिनेछ ।

११२. विधालय स्वास्थ्य कार्यक्रमलाई सुढृढीकरण गर्दै कार्यक्रम विकास तथा संचालन गरिनेछ ।

११३. स्तनपाइ आमाहरुलाई दुग्ध बर्धक औषधीहरु तथा परामर्श सम्वन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

११४. ज्येष्ठ नागरीक स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

११५. योग शिक्षा सम्वन्धी कृयाकलापहरु सञ्चालन गरिनेछ ।

११६. पुर्व पञ्चकर्म सम्वन्धि कार्यक्रम सञ्चालन गरेर नागरीकको स्वास्थ्य प्रवर्धन गरिनेछ ।

११७. पिछडिएको समुदायका बस्तीमा स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

११८. मदन भण्डारी ट्रमा सेन्टरको सहयोगमा वर्षमा प्रत्येक वडामा दुई वटा स्वास्थ्य शिविर सञ्चालन गर्न पहल गरिनेछ ।

११९. मेरो स्वास्थ्य, मेरो जिम्मेवारी नाराका साथ स्वास्थ्य बिमा गर्न प्रोत्साहन गरिनेछ ।

१२०. स्वस्थ विद्यार्थी, उज्जल भविष्य भन्ने नाराका साथ वर्षमा एक पटक स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१२१. टोल विकास संस्थासँग समन्वय गरेर ज्येष्ठ नागरिकको सुगर, प्रेसर, थाइराइड जाँच गरिनेछ ।

१२२. गर्भवती तथा सुत्केरी महिलाहरुका लागि उपमेयर पोषण कार्यक्रम सञ्चालनमा निरन्तरता दिइनेछ ।

## खानेपानी तथा सरसफाई सम्बन्धिः

१२३. उर्लाबारी नगरक्षेत्रमा स्वच्छ खानेपानी सेवाको पहुँच हर घरमा पुर्याउन पहल गरिनेछ ।

१२४. विपन्न नागरिक धारा जडान कार्यक्रम मार्फत सहुलियतमा विपन्न नागरिकको खानेपानीमा पहुँच पुर्याइनेछ ।

१२५. नगरमा सामूहिक सरसफाई अभियानलाई निरन्तरता दिइनेछ ।

१२६. टोल विकास समितिको अभियान, स्वच्छ, सफा र प्रदूषणरहित टोलको काम' भन्ने नाराका साथ टोल विकास संस्थालाई आफ्नो टोल सरसफाइमा जिम्मेवार बनाइनेछ साथै सरसफाइमा उत्कृष्ट टोल विकास संस्थालाई पुरस्कृत गरिनेछ ।

## शिक्षा, युवा तथा खेलकुदः

१२७. सामुदायिक विद्यालयहरुले विद्यालय सेवा क्षेत्रमा प्रत्येक वर्ष भर्ना अभियान सञ्चालन गरि विद्यालय सेवा क्षेत्रमा रहेका पढ्ने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१२८. नगरपालिकाले सञ्चालन गरेको नगरस्तरीय परीक्षालाई गुणस्तरीय रुपमा सञ्चालन गरिनेछ ।

१२९. प्रारम्भिक बाल विकासमा भौतिक पूर्वाधार विस्तारका साथै बालबालिकाको सर्वाङ्गिण विकास गर्रिदै लगिनेछ ।

१३०. प्रत्येक सामुदायिक विद्यालयका प्र.अ. र विद्यालय व्यवस्थापन समिति अध्यक्षसँग भएको करार सम्झौता अनुसार शैक्षिक गुणस्तरलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

१३१. विद्यालयमा शुद्ध पिउने पानी, उपयुक्त शौचालय, घेराबारा र विद्यालय भवनहरुको व्यवस्था गरिनेछ ।

१३२. शैक्षिक क्षेत्रमा गुणस्तर कायम गर्न अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण विषय विज्ञहरुबाट गरिनेछ ।

१३३. शिक्षण सिकाइमा सूचना तथा प्रविधिको प्रयोग बढाउन सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

१३४. उच्च शिक्षामा सहज पहुँच र सहभागिता सुनिश्चित गरिनेछ । प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विपन्न तथा जेहेन्दार, सिमान्तकृत, अल्पसंख्यक समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराइनेछ ।

१३५. संस्थागत विद्यालयहरुलाई सामुदायिक विद्यालयहरुसँग समन्वय गरि आवश्यक शैक्षिक परामर्श उपलब्ध गराइनेछ ।

१३६. कक्षा थप, विषय थप जस्ता विषयहरुलाई प्रक्रियागत रुपमा अघि बढाइ अनुमति प्रदान गरिनेछ ।

१३७. नगरपालिकाबाट अनुमति नलिई विद्यालय, मन्टेश्वरी, कोचिङ सेन्टर, परामर्श केन्द्र, ट्युसन सेन्टर तथा तयारी कक्षाहरु सञ्चालन गर्न नियन्त्रण गरिनेछ ।

१३८. विद्यालयहरुमा हुने दुर्घटना न्युनिकरण गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१३९. विद्यालयमा छात्राहरु र महिला शिक्षिकाहरुका लागि चेन्जिङ रुमको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१४०. नगर शिक्षा योजना निर्माण गर्नुका साथै स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१४१. विद्यालयहरुमा निशुल्क सेनेटरी प्याड उपलब्ध गराइनेछ ।

१४२. बाल अधिकार तथा सामाजिक क्रियाकलापमा बाल सहभागिता सुनिश्चित गर्न सामुदायिक विद्यालयहरुमा स्काउटको गठन र परिचालन गरिनेछ ।

१४३. विद्यालयको भौतिक संरचनाको क्रमिक सुधार गर्दै बालमैत्री र अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।

१४४. संस्थागत विद्यालयहरुसँग आवश्यक समन्वय, सहकार्य गर्ने साथै अनुगमन र नियमनका पक्षलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१४५. सामुदायिक विद्यालय सुधारको लागि सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई मनोपरामर्श लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

१४६. खेलकूद क्षेत्रको विकासका लागि यस नगरपालिकाभित्र रहेका खेलकूद क्षेत्रमा विशेष योगदान पुर्याउने व्यक्तिहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

१४७. विभिन्न विधामा खेलकूदका कार्यक्रमहरु सञ्चालन गर्नको लागि प्रतियोगिताको आयोजना गरिनेछ ।

१४८. खेलाडिहरुलाई पालिकास्तरीय, जिल्ला स्तरीय र राष्ट्रिय स्तरका खेलहरुमा सहभागी गराइ खेलाडि उत्पादनको कार्यलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१४९. विद्यालयस्तरमा हुने राष्ट्रपति रनिङ शिल्ड लगायतका खेलहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१५०. खेलकूद क्षेत्रलाई थप विकास गर्दै लैजानको लागि विधागत रुपमा खेल प्रशिक्षकहरु स्थानीय स्तरमै उत्पादन गरिनेछ ।

१५१. विद्यालयलाई सूचकको व्यवस्था गरेर पुरस्कृत गरिनेछ ।

१५२. प्रत्येक शुक्रबार बुक फ्रि डेको व्यवस्था मिलाइनेछ ।

१५३. सिकाइ उपलब्धी धेरै भएका र कम भएका विद्यालयको अन्तरक्रिया गर्ने व्यवस्था मिलाइनेछ ।

१५४. गरिब विद्यार्थीका अभिभावकलाई सीपमूलक तालिम दिइनेछ ।

१५५. शिक्षक, विद्यार्थी, अभिभावकको परिचयपत्र अनिवार्य गरिने, अभिभावकलाई प्रशिक्षण दिएर महिनामा एक पटक विद्यालय जाने वातावरण बनाइनेछ ।

१५६. विशिष्ट प्रशिक्षक ल्याएर कक्षामा शिक्षण सिकाइ अवलोकन गरेर सुधारात्मक तालिम प्रदान गरिनेछ । (रोष्टर शिक्षक)

१५७. सबै शिक्षकलाई प्रविधिमैत्री बनाउन कम्प्युटर तालिमलाई निरन्तरता दिइनेछ ।

१५८. विद्यालयबाट *IEMIIS* सफ्टवेयरमा अध्यावधिक गरिने तथ्यांकको सत्यापन गरिनेछ ।

१५९. नगरको सामुदायिक अध्ययन केन्द्रलाई ब्युताएर विज्ञहरुको स्रोत आधार बनाइनेछ ।

१६०. स्वयम्सेवक शिक्षकको व्यवस्था गरिनेछ ।

१६१. विषयगत विज्ञहरुको रोष्टर तयार गरी ती विज्ञहरुबाट आवश्यकता अनुसार निरीक्षण, अनुगमन र सुपरीवेक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

१६२. सामुदायिक विद्यालयमा संगीत र खेलकुद प्रशिक्षकको रोष्टर सूची तयार पारी आवश्यकता अनुसार प्रशिक्षणमा प्रयोग गरिनेछ ।

१६३. विद्यालयमा ट्राफिक सचेतना, लागुऔषध दुर्व्यसनी विरुद्ध कार्यक्रम सञ्चालन गरिनेछ ।

१६४. छात्राहरुलाई सुरक्षित रहनका निमित्त आत्मारक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१६५. समतामूलक सिकाइको लागि थप सिकाइको व्यवस्था गरिनेछ ।

१६६. अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१६७. नमूनायोग्य, समाजका अगुवा व्यक्तिहरुलाई कक्षा कोठामा लगेर अनुभव सुनाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

१६८. फरक क्षमता भएका बालबालिकाकाहरुको सुधारका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१६९. विद्यालयमा ल्याउने, टिकाउने र सिकाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

१७०. लिडर र फिडर विद्यालय तोकेर अघि बढिनेछ ।

१७१. योजनावद्ध सिकाइ सञ्चालन गर्न विद्यालयहरुलाई उत्प्रेरित गरिनेछ ।

१७२. शिक्षक कक्षाकोठामा आउने र बाहिरिने समय सुधार योजना (समय ख्याल गर्ने) लागु गरिनेछ ।

१७३. विद्यालय व्यवस्थापन समितिको नियमित बैठक बस्नका लागि पहल गरिनेछ ।

१७४. विद्यालयमा तालिम प्राप्त खेलकुद शिक्षकको व्यवस्थापन गर्न पहल गरिनेछ ।

१७५. अन्तर विद्यालय स्तरीय खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।

१७६. विभिन्न खेलकुद कार्यक्रमहरुको सम्बर्द्धन र प्रबर्द्धन गर्दै लगिनेछ ।

## महिला, बालबालिका, अपाङ्ग तथा ज्येष्ठ नागरिकः

१७७. महिलाहरुलाई आर्थिक, सामाजिक र राजनीतिक रुपमा सशक्तिकरण गर्दै लगिनेछ । महिला, पुरुष, लैगिक तथा यौनिक अल्पसङ्ख्यक बीच समानता स्थापित गर्दै लगिनेछ ।

१७८. विभेदमा परेका, विशेष संरक्षण गर्नु पर्ने पक्षहरुलाई सकारात्मक विभेद कार्यक्रमको माध्यमबाट संरक्षण गर्दै लगिनेछ ।

१७९. बाल अधिकार सुनिश्चितताका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८०. बालमैत्री नगर घोषणा गर्न वडाहरुलाई क्रमशः बालमैत्री वडा स्थापित गरिदै लगिनेछ ।

१८१. अपाङ्गता भएका व्यक्तिलाई समाजमा प्रभावकारी रुपमा समावेशीकरण गर्ने तथा अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै सम्मानपुर्ण जीवनयापनको वातावरण सुनिश्चित गर्दै लगिनेछ ।

१८२. ज्येष्ठ नागरिकको संरक्षण, सम्मान र मिलन चौतारीको व्यवस्थापनका कार्य गरिनेछ ।

१८३. सडक बालबालिका, सडक मानव, असहाय बालबालिका तथा असहाय ज्येष्ठ नागरिकहरुको उचित व्यवस्थापनका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१८४. सिमान्तकृत तथा लक्षित वर्गको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक तथा क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८५. अशक्त, ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता घरघरमा पुऱ्याउने व्यवस्था गरिनेछ ।

१८६. उपमेयर किशोर किशोरी कार्यक्रम मार्फत हिंसा, कुरितीको विरुद्धमा सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**आदिवासी, जनजाति, दलित, मधेसी, मुस्लिम, तथा पिछडा वर्गः**

१८७. दलित समुदायको परम्परागत सिप र ज्ञानलाई प्रबर्द्धन गरी रोजगारमूलक बनाउने नीति लिइनेछ ।

१८८. नगरपालिकालाई छुवाछुत मुक्त नगर बनाउँदै दलितहरुलाई मूल प्रवाहिकरण गरिनेछ ।

१८९. आदिवासी जनजाति, लोपोन्मुख जातजातिको धर्म संस्कृति प्रबर्द्धन र सिप विकासका तालिम सञ्चालनमा निरन्तरता दिइनेछ ।

१९०. मधेसी, मुस्लिम, पिछडा वर्गका सामाजिक, साँस्कृतिक कार्यक्रमहरुको संरक्षण र प्रबर्द्धन गरिनेछ ।

१९१. सबै वर्गको भाषा, धर्म, संस्कृति, भेषभूषा, मौलिक सिपहरु संरक्षण प्रबर्द्धन र बजारीकरण गर्ने कार्यक्रम ल्याईने छ ।

**पञ्जिकरणः**

१९२. घटना दर्ता सप्ताह, घटना दर्ता शिविर सञ्चालन गरी व्यक्तिगत घटना दर्तालाई व्यवस्थित गर्दै लगिनेछ ।

१९३. सन् २०२४ सम्म सबै प्रकारका व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराई) हरुलाई शत प्रतिशत पुऱ्याउने सरकारको लक्ष्य अनुरूप विभिन्न घटना दर्ता सम्बन्धी अभियान, जनचेतना मुलक कार्यक्रमलाई निरन्तरता दिदै *VERSS-MIS* प्रणालिमा ल्याइनेछ ।

१९४. व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

## सामाजिक सुरक्षा कार्यक्रमः

१९५. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण निरन्तर अद्यावधिक गरिनेछ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने अशक्त लाभग्राहीहरुलाई सहजै रुपमा भत्ता उपलब्ध गराउन आवश्यक सहजिकरण गरिनेछ ।

१९६. व्यक्तिगत घटना दर्ता सम्बन्धि सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।टोल विकास संस्थाका पदाधिकारी, महिला स्वास्थ्य स्वयंसेविका र जनप्रतिनिधिका लागि घटना दर्ता सम्बन्धी अभिमुखिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९७. लाभग्राहीहरुको आवश्यकता र गुनासोको सम्बोधन गर्न कर्मचारी-जनप्रतिनिधि-लाभग्राही अन्तरसंवाद कार्यक्रम संचालन गरिनेछ ।

१९८. सेवालाई चुस्त दुरुस्त रुपमा अगि बढाउन प्रत्येक वडाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धि अभिमुखिकरण तथा *VERSP MIS* प्रणाली सम्बन्धि आवश्यक तालिम संचालन गरिनेछ ।

## भौतिक पूर्वाधार तर्फः

१९९. गैर सरकारी संस्था ***RRN*** संगको साझेदारीमा उर्लाबारी न. पा. वडा नं २ को तेलि खोला तटबन्धन कार्यलाई सहजिकरण गरिनेछ ।

२००. नगरपालिकाबाट संचालित अधुरा र क्रमागत योजनालाई उच्च प्राथमिकता दिइ सम्पन्न गरिनेछ ।

२०१. नगर सडक यातायात गुरुयोजना (*MTMP)* अद्यावधिक गरि सोहि अनुरुप माग र आवश्यकताका आधारमा योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

२०२. सडक निर्माण कार्यमा गुणस्तरको सुनिश्चितता गर्दै पेभिङ ब्लक *(INTERLOCK BLOCK)* को प्रयोगलाई बढाउदै लगिनेछ ।

२०३. पूर्वाधार विकासका योजनाहरुको गुणस्तरीयता सुनिश्चित गर्न कार्यालय परीसरभित्र *Lab* स्थापना गरी प्रयोगमा ल्याइनेछ ।

२०४. विश्व बैकको लगानीमा संचालन भइरहेको कृष्णचौक देखि सुनझोडा सामुदायिक वन सम्मको सडक स्तरोन्नति कार्यलाई समयमानै सम्पन्न गर्न सहजिकरण गरिनेछ ।

२०५. भौतिक पूर्वाधार तर्फ साना तथा टुक्रे योजना निर्माण कार्यलाई निरुत्साहित गरिनेछ । भौतिक पूर्वाधार निर्माण तर्फ चार लाख भन्दा कम लागतको योजना तर्जुमा गरिनेछैन । प्रत्येक वडामा कम्तिमा एउटा १५ लाखको योजना तर्जुमा गरिनेछ ।

२०६. छ लाख सम्म लागत अनुमान भएका योजनाहरु वडास्तरीय अनुगमन समितिको निर्णय भई वडा कार्यालयको सिफारीसमा साथै सो भन्दा बढी लागत अनुमान भएका योजना/कार्यक्रमहरु वडास्तरीय अनुगमन समिति र नगरस्तरीय अनुगमन समितिबाट अनुगमन गरिने व्यवस्था मिलाईनेछ ।

२०७. दर्तावाला संस्थाबाट योजना सञ्चालनका लागि प्रोत्साहित गर्न टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि, अभिमुखीकरण गरी टोल विकास संस्था मार्फत योजना माग संकलन र योजना संचालन गर्न प्राथमिकता दिइनेछ ।

२०८. नगरपालिका क्षेत्रमा निर्माण हुने बाटोहरुमा *RCC Drain* निर्माणलाई प्राथमिकता दिइनेछ ।

२०९. १० लाख भन्दा माथिको भौतिक निर्माण तर्फका योजनालाई इ-विडिङ गरिनेछ । त्यस्ता योजनाहरुलाई आवश्यकता अनुसार प्याकेज समेत बनाई इ-विडिङ गर्न सकिनेछ ।

२१०. सहरी क्षेत्रमा नगरका योजना अन्तर्गत मागका आधारमा नगरपालिकाको ६० प्रतिशत र उपभोक्ताको ४० प्रतिशत लागत साझेदारीमा योजना सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।

२११. नगर प्रमुख कृषि करिडोर निर्माण कार्य सञ्चालन गरिनेछ साथै वैकल्पिक मार्गको रुपमा खोला किनारमा करिडोर निर्माणको कार्य समेत सुरु गरिनेछ ।

२१२. खोला उत्खनन् विषयमा सेनि ट्र्याप निर्माणका लागि राष्ट्रपति चुरे लगायत अन्य निकायमा पहल गरिनेछ ।

२१३. नगरको आवश्यक स्थानमा कालोपत्रे मर्मतको कार्यलाई निरन्तरता दिइनेछ ।

२१४. सोल्टी खोला र सुनझोडा खोलामा झोलुङ्गे पुल निर्माणको कार्य गरिनेछ ।

## लागत सहभागिता सम्बन्धि नीतिः

२१५. उपभोक्ता समिति तथा टोल विकास संस्थाहरुबाट संचालन हुने योजनाहरुमा उपभोक्ता समिति/टोल विकास संस्थाहरुको साझेदारी अनिवार्य रुपमा गरिनेछ ।

२१६. सार्वजनिक विद्यालय, सरकारी कार्यालयको जग्गामा बन्ने पुर्वाधार तथा योजनाहरु र घाट निर्माणमा लागत सहभागिता अनिवार्य नगर्ने नीति अबलम्वन गरिनेछ ।

२१७. भवन निर्माण/मर्मत, माटोको काम, ग्राभेल, ड्रेन, पेभिङ्ग ब्लकको कार्यमा न्यूनतम १५ प्रतिशत लागत साझेदारी अनिवार्य गरिनेछ ।

२१८. सडक कालोपत्रे, पुल, बक्स कल्भर्ट, कल्भर्ट, सरकारी भवन निर्माण/मर्मत कार्य नगरपालिकाबाट ठेक्का प्रकृया मार्फत सञ्चालन गरिनेछ ।

२१९. सडक बत्तिको जडान र महसुलमा न्यूनतम ५० प्रतिशत र मर्मतमा २५ प्रतिशत उपभोक्ताको लागत साझेदारी अनिवार्य गरिनेछ ।

२२०. नदी नियन्त्रण र सार्वजनिक जग्गा/क्षेत्र भित्रको तटबन्ध र आपतकालिन विपद् व्यवस्थापनमा लागत सहभागिता अनिवार्य नगर्ने नीति अबलम्वन गरिनेछ ।

२२१. नगरपालिकाबाट ठेक्का प्रकृयाबाट सञ्चालन हुने भौतिक निर्माण तर्फका योजनाहरुमा उपभोक्ताहरुको लागत सहभागिता भएमा ठेक्का प्रकृयाबाट बचत भएको खण्डमा बचत हुने जाने रकमलाई एक पटकका लागि माग र औचित्यताका आधारमा कार्यपालिकाबाट निर्णय गरी सोही स्थानमा नयाँ योजना विनियोजन गरी सञ्चालन गर्न सकिनेछ ।

## विद्युत तथा वैकल्पिक उर्जाः

२२२. उज्यालो उर्लाबारी कार्यक्रमलाई निरन्तरता दिदै उपभोक्ताको साझेदारीमा बिद्युतिय सामाग्री खरीद एवम् विद्युत महशुल भुक्तानी गरिनेछ । उपभोक्ताहरुको माग र आवश्यकताका आधारमा नगरका थप बाटोहरुमा सडक बत्ति जडान तथा विस्तार कार्य गर्दै लगिनेछ ।

२२३. वैकल्पिक उर्जाको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

२२४. अव्यवस्थित विद्युत पोल र केबलका तारहरु सम्बन्धित निकायसँगको समन्वयमा व्यवस्थित गरिनेछ । मुख्य चोक/बजारमा शहरी सुन्दरता कायम गर्न, सुरक्षामा ध्यान दिई भूमिगत तार व्यवस्थापन प्रकृयालाई व्यवस्थित गर्दै लगिनेछ ।

## बस्ती विकास, शहरी पूर्वाधार र भूउपयोग सम्बन्धिः

२२५. नगरपालिका भएपछि निर्माण भइसकेको भवनहरुको अभिलेख व्यवस्थापनका लागि कार्यविधिमा व्यवस्था भए बमोजिम कार्यान्वयन गरिनेछ ।

२२६. घरनक्शा पासका लागि सञ्चालनमा रहेको *E-building Permission System (EBPS)* व्यवस्थित गरिनेछ ।

२२७. नगर क्षेत्र भित्र रोजगार बढाउन नगरका इच्छुक व्यक्तिहरुलाई भवन निर्माण सम्बन्धि डकर्मी तालिमलाई निरन्तरता दिईनेछ ।

२२८. यस नगरमा बनेका र बन्ने सार्वजनिक भवनहरु पहुँचयुक्त बनाउने गरि डिजाइन गर्ने व्यवस्था मिलाइने छ ।

२२९. उर्लाबारी नगरपालिकामा जग्गाको विवादहरुको बढ्दो समस्यालाई न्यूनिकरण गर्न नगरपालिकाबाट सरपट (पुन) नापीको पहल गरिनेछ ।

२३०. घर निर्माण/नक्शा पास तथा कित्ताकाट गर्दा जग्गा विकास (प्लानिङ) तथा हाउजिङ निर्माण सम्बन्धि निर्देशिका, २०७९ मा भएको प्राबधान बमोजिम गर्ने कार्यलाई अनिवार्य गरिनेछ ।

२३१. नगरका बाटाहरुको कोडिङ र नम्बरिङ गरिनेछ ।

२३२. घर नम्बरिङ्ग र सडक नामाकरणको कार्य अगाडी बढाइनेछ ।

२३३. घर निर्माणमा नगरपालिकाबाट कलर कोडिङ्ग गर्ने नीति अवलम्बन गरिनेछ ।

**विपद् व्यवस्थापनः**

२३४. प्राकृतिक प्रकोप (चट्याङ, बाढी, भूकम्प, आगलागि, डढेलो, भूक्षय, हावाहुरी, असिना पानी, सरुवा तथा महामारी रोग आदि) बाट हुने क्षति न्यूनिकरण गर्नको लागि वार्षिकरुपमा कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

२३५. नगरपालिकाको विपद् व्यवस्थापन कोषलाई निरन्तर वृद्धि गर्दै विपदको पूर्वतयारी, उद्दार, राहत र पुर्नस्थापना कार्यमा कार्ययोजना बनाई खर्च गरिनेछ ।

२३६. स्थानीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना, विपद् प्रतिकार्य योजना र विपद् संवेदनशिल भूउपयोग योजना तयार भैसकेको हुँदा उक्त योजनाहरु लागू गरिने छ ।

२३७. चौबिसै घण्टा प्रदान गरिदै आएको दमकल सेवालाई थप व्यवस्थित गरिदै लगिनेछ ।

२३८. आपतकालीन कार्य संचालन केन्द्र थप व्यवस्थित गरिदै लगिनेछ ।

२३९. विपद जोखिम न्यूनिकरण, उद्दार, प्रतिकार्य र विपद व्यवस्थापन सम्बन्धि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

२४०. ग्याँसबाट हुने सम्भावित दुर्घटनालाई न्युनीकरण गर्न ग्याँस डिलरले शहर भन्दा बाहिर गोदाम बनाएर राख्ने व्यवस्था लागु गरिनेछ ।

२४१. पेटोलपम्पलाई तालिम प्राप्त अग्निनियन्त्रक / सुरक्षा गार्ड राख्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।

२४२. विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२४३. विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र विपद् पश्चातको अवस्थालाई व्यस्थापन गर्न गैरसरकारी संघ संस्थासँगको समन्वय र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

## नदी नियन्त्रण तथा भू-संरक्षणः

२४४. नदी नियन्त्रणको कार्य जोखिमको आधारमा बहुबर्षिय योजनाको रुपमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण आयोजना, एसियाली विकास बैंक, कोशी बक्राहा आयोजना, जनताको तटबन्ध कार्यक्रम समेतको सहभागितामा योजना सञ्चालन गरिनेछ ।

२४५. बक्राहा, मावा, सोल्टी, रतुवा, मिक्लु, राम्री, सुकेहोली, रातेहोली र सुनझोडा लगायतका नदीहरुबाट हुने कटान नियन्त्रण गर्न तटबन्ध कार्यलाई निरन्तरता दिइनेछ ।

२४६. विपद् जोखिम क्षेत्रहरुको पहिचान र नक्सांकन गरी सोही बमोजिम विपद् व्यवस्थापन र नदी नियन्त्रणका योजनाहरु सञ्चालन गरिनेछ ।

## वन, वातावरण तथा जलवायु परिवर्तनः

२४७. जलवायु परिवर्तनको प्रभावलाई न्यूनिकरण गर्न विभिन्न निकायहरुसंग समन्वय गरी पर्यापर्यावरणको कार्यक्रम सञ्चालन गरिनेछ ।

२४८. सामुदायिक वनहरुलाई संरक्षण, सम्बर्द्धन गर्ने नीति लिइनेछ । बालउद्यान, चिल्ड्रेन पार्क, मनोरञ्जनस्थल भएका स्थानलाई वृद्धि विकास गर्दै लगिनेछ ।

२४९. सडक निर्माणका योजना सञ्चालन गर्दा सडक किनारामा फलफूलका बिरुवा अनिवार्य रुपमा वृक्षारोपण गर्ने नीति लिइनेछ ।

२५०. बाटो, सिचाई, ढल निकास जस्ता भौतिक पूर्वाधारका योजना बनाउँदा भू-क्षय नहुने, सामुदायिक वन अतिक्रमण नहुने, पानीको मुहान एवम् वन, वातावरणमा प्रतिकूल असर नपर्ने गरी योजना कार्यान्वयन गरिनेछ ।

२५१. खोला किनारामा तटबन्धन सहितको वृक्षारोपण गरी सडक निर्माणमा स्थानीय उपभोक्तालाई उत्प्रेरित गरिनेछ ।

२५२. सार्वजनिक जग्गाको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

२५३. प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

२५४. सडक निर्माण गर्दा हरित सडकको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

२५५. तुलनात्मक लाभ हुने किसिमका जडिबुटीजन्य खेती प्रणाली विकास गरी त्यस्ता जडिबुटीजन्य पदार्थको उद्योग सञ्चालनमा ल्याउन उत्प्रेरित गरिनेछ ।

२५६. एक घर, दुई बिरुवा रोप्न उत्प्रेरित गर्ने नीति ल्याइनेछ ।

२५७. खोलाका तटबन्धहरुमा आवश्यकता अनुसार वृक्षारोपण गरिनेछ ।

२५८. टोल विकास संस्थाको सक्रियतामा टोलको सरसफाई, वृक्षारोपण, सौन्दर्यीकरण गर्ने नीति लिइनेछ ।

२५९. नगरको सौन्दर्यतालाई कायम राख्न सडक पेटी, पसल, घर अगाडी निर्माण सामग्री, ग्यास र अन्य सामग्री नराख्ने व्यवस्था कार्यान्वयन गरिनेछ ।

## फोहोर मैला व्यवस्थापनः

२६०. घरेलु फोहोर ब्यबस्थापन सम्बन्धी सरोकारवाला ब्यक्ती वा संघ/संस्थाहरुलाइ सचेतना मुलक तालिम वा भ्रमणको ब्यबस्था गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।

२६१. फोहोरलाइ श्रोतमै उपभोग गर्ने तर्फ आबश्यक ब्यबस्था मिलाउदै लैजाने नीति अवलम्बन गरिनेछ ।

२६२. स्वच्छ सफा र हराभरा नगर राख्नको लागी कम्तिमा ३ स्थानमा (मंगलवारे चौक, उर्लावारी चौक र दुर्गापुरी बजार एरियामा) सार्वजनिक सौचालय निर्माणको अवधारणा लिइनेछ ।

२६३. नगरक्षेत्र भित्रवाट दैनिक रुपमा निस्कने फोहोरलाइ स्रोतमा नै बर्गिकरण गरी मल बनाउने वा उर्जा निर्माण गर्नको लागी सरकारी वा निजि क्षेत्रहरु संग साझेदारीको कार्यलाइ प्रोत्सहान गरिनेछ ।

२६४. अस्पतालजन्य फोहोरमैलालाइ सम्बन्धित हस्पिटल वा स्वास्थ्य संस्थाहरुवाटै ब्यबस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

२६५. फोहोरमैलाको स्रोतमै वर्गीकरण गरी व्यवस्थित गर्ने कार्यमा वडा समिति, टोल विकास संस्था, संघ संस्था र क्लबहरुलाई सक्रिय गराइनेछ ।

## संस्थागत विकास एवं सुशासनः

२६६. प्रत्येक कर्मचारीलाई काम, कर्तव्य, अधिकार र जिम्मेवारी सहितको कार्य विवरण उपलव्ध गराई कर्मचारीहरूसंग कार्यसम्पादन सम्झौता गरी कार्य सम्पादन मूल्याङ्कनको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

२६७. नगरपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरूमा जनगुनासोलाई सम्वोधन गर्न राखिएका सुझाव पेटीकालाई नियमित खोल्ने व्यवस्था गरी यथासक्य छिटो जनगुनासोको सम्वोधन गरिनेछ ।

२६८. गुणस्तरीय सेवा प्रवाहको मूल आधार स्तम्भको रुपमा रहेका कर्मचारी तथा शिक्षकहरुको मनोवललाई उच्च राखी गुणस्तरीय प्रतिफल दिन सक्ने गरी समर्पित गराउन उत्प्रेरणामूलक कार्यक्रमको व्यवस्था मिलाइनेछ ।

२६९. नगरको विकास निर्माण तथा सेवा प्रवाहमा भष्ट्रचार र ढिलासुस्ती हुन नदिइ सुशासनको वास्तविक अनुभूति दिलाउन मितव्ययियिता, पारदर्शिता, वित्तिय अनुशासन, उत्तरदायित्व तथा जवाफदेहिता सुनिश्चितता गरिनेछ । यसका लागि सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, उपभोक्ता सर्भेक्षण जस्ता विधि एवम् प्रकृयाको अवलम्बन गरी सार्वजनिकीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

२७०. नागरिकको सूचना माग्ने, पाउने र प्रसार गर्ने अधिकार सुनिश्चित गर्न सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ अनुसार प्रभावकारी कार्यान्वयन गरिनेछ, जसका लागि प्रत्येक त्रैमासिकमा स्वतः प्रकाशन नगरपालिकाको सूचना पाटी र वेबसाईट मार्फत प्रकाशन गरिनेछ ।

२७१. नागरिक सहायता कक्षको व्यवस्था, ज्येष्ठ नागरिक, असहाय, बिरामी, अपाङ्गता, अशक्तलाई सेवा पहुँचमा सहयोग पुर्याउने व्यवस्था मिलाइनेछ ।

२७२. सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी *E-Governance* लाई तिव्रता दिइनेछ । अनलाईन मार्फत उपलब्ध गराउन सकिने सबै प्रकारका सेवाहरुलाई इमेल इन्टरनेटको माध्यमबाटै उपलब्ध गराउन *Digital Demand, Digitally Serve* को नीति अवलम्बन गरिनेछ ।

२७३. यस नगरपालिका अन्तरगत बसोबास गर्ने विभिन्न क्षेत्रमा विज्ञता प्राप्त व्यक्तिहरुको पहिचान गरी ज्ञान, सिप, क्षमता र अनुभवहरुलाई नगरपालिकाको सर्वाङ्गिण विकासमा पूर्ण उपयोगका लगि विज्ञ समुह गठन गरिनेछ ।

२७४. नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा रहेका डिजिटल नागरिक वडापत्रलाई नियमित अध्यावधिक गरिदै लैजाने र बाँकी रहेका वडा कार्यालयहरुमा क्रमशः वडा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

२७५. नगरपालिकाको स्वीकृत संगठन संरचना भित्रका सम्पूर्ण कर्मचारीलाई प्रोत्साहन स्वरुप खाजा भत्ता दिइदै आएकोमा कामको चाँप र कर्मचारीबाट बहन गरेको कार्यबोझलाई मध्यनजर गर्दै निरन्तरता दिइनेछ ।

२७६. करार सेवामा कार्यरत ३ वर्ष समयावधी पुगेका कर्मचारीहरुलाई दिइदै आएको कर्मचारी सञ्चयकोषको सुविधालाई निरन्तरता दिइनेछ । भविष्यमा नेपाल सरकारबाट योगदानमा आधारित सामाजिक सुरक्षा लागु भएको अवस्थामा सोही अनुसार सुविधा हुने व्यवस्था मिलाईनेछ ।

२७७. संस्थागत विकास, सुशासन कायम गर्न आवश्यक नीति, कार्यविधि, ऐन, कानून बनाई सोलाई आवश्यकता अनुसार संशोधन गरिनेछ ।

२७८. हेल्प डेस्कलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

२७९. वडा कार्यालयमा सूचना पार्टी व्यवस्थित गरी नगर र वडाका गतिविधि प्रकाशित गरिने जनता माझ सूचना प्रवाह गरिने छ ।

२८०. आवश्यकता अनुसार संगठन संरचना र दरबन्दी संशोधन गरी स्थायी कार्यालय र स्थायी पद दर्ताको कार्य सम्पन्न गरिनेछ ।

२८१. *Right man at Right place* को नीति अवलम्बन गरी कर्मचारीहरु खटाइनेछ ।

२८२. टोल विकास संस्थालाई व्यवस्थित बनाउदै लगिनेछ, टोल कार्ड राख्ने व्यवस्था मिलाइनेछ ।

**राजश्वः**

२८३. आन्तरिक स्रोत अभिवृद्धिका लागि नगरभित्र रहेका सम्भाव्य स्रोतहरुको पहिचान गरी राजश्वको बार्षिक प्रक्षेपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२८४. राजश्व प्रशासनलाई थप प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

२८५. करदाताको गुनासोलाई यथाशिघ्र व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२८६. नगर क्षेत्रभित्रका करदाताहरुलाई कर तिर्न उन्मुख गराउन करदाता शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनुका साथै अन्य विशेष कार्य संचालन गरिनेछ ।

२८७. कर्मचारीहरुको क्षमताबृद्धिका लागि आवश्यक तालिमको ब्यवस्था मिलाईनेछ ।

२८८. नगरपालिकाको राजश्व सुधार कार्ययोजना प्रतिवेदनमा उल्लेख भएबमोजिम थप राजश्वका क्षेत्रहरुको पहिचान गर्दै आगामी वर्ष देखि राजश्व अभिबृद्धि गर्नको लागि बिद्यमान कार्यविधि र नियमावली अद्यावधिक गरिनेछ साथै आवश्यक कानून निर्माण गरिनेछ ।

२८९. कार्यविधि बनाई उत्कृष्ट करदाता सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२९०. तोकिएको समयभित्र कर बुझाउने करदाताहरुलाई छुट दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२९१. व्यवसाय कर चुक्ता गरेका पसल/व्यवसायमा कर चुक्ताको स्टीकर टाँस गर्ने व्यवस्था मिलाईनेछ ।

२९२. करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउन उर्लाबारी बहुमुखी क्याम्पस लगायतको सहकार्यमा स्वयम्सेवक परिचालन गरी करको दायरा र क्षेत्र लगायतका विषयमा आवश्यक तथ्यांक संकलन गरी क्षेत्र विस्तार गरिनेछ ।

२९३. बहालकर संकलन तथा व्यवस्थापन गर्नको लागि बिशेष कार्यक्रम संचालन गरिनेछ ।

२९४. न्यायोचित तथा प्रगतिशील कर प्रणाली लागू गरिनेछ ।

२९५. व्यवसाय र घरबहाल कर तिर्नका लागि स्वघोषणा गर्ने नीति ल्याइने छ, यदि स्वघोषणा गरी करको दायरामा नआएमा चलनचल्ती अनुसार करको दायरामा ल्याइने छ ।

२९६. उर्लाबारी उद्योग वाणिज्य संघको सहकार्यमा कर शिक्षा, अभिमुखीकरण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

२९७. पुँजीगत तथा आर्थिक कारोबारको आधारमा कर निर्धारण गर्ने व्यवस्था लागु गरिनेछ ।

२९८. कर संकलन तथा व्यवस्थापनको सम्बन्धमा हुन सक्ने चुहावटलाई नियन्त्रण गर्न विगत ३ आर्थिक वर्षको राजश्व संकलनको अवस्था तुलनात्मक अध्ययन गरी सुधारात्मक कार्यका लागि राजश्व अडिट (परीक्षण) गरिनेछ ।

## सूचना, प्रविधि तथा अभिलेख व्यवस्थापनः

२९९. सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई *Paperless Governance* को अवधारणा विकास गरिनेछ।

३००. सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोग गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

३०१. *Office Automation System* मार्फत नगरपालिका मातहतको शाखा/उप-शाखा तथा वडा कार्यालयहरुको समग्र कार्यप्रणालीलाई प्रविधिमैत्री बनाइनछे । सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र सुशासनयुक्त बनाइनेछ ।

३०२. उर्लाबारी नगरपालिका तथा सबै वडा कार्यालयहरुमा डिजिटल सूचना पाटी *(Digital Notice Board)* को व्यवस्था गर्दै लगिनेछ।

३०३. उर्लाबारी नगरपालिका, वडा कार्यालय, स्वास्थय चौकी, विद्यालयहरुमा इ-हाजिरी र *CCTV Camera* लाई निरन्तरता तथा नभएका स्थानहरुमा थप जडान गरि सुरक्षित तथा सुशासनयुक्त बनाइनेछ।

३०४. नगरपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा इन्ट्रानेट र नेटवर्किङ सेवा विस्तार गरिने छ । उक्त सेवालाई क्रमश सामुदायिक विद्यालयमा पनि विस्तार गर्दै लगिनेछ।

३०५. नगरको तथ्यांक निरन्तर अध्यावधिक हुने गरी डिजीटल प्रोफाइल निर्माण गरिनेछ ।

३०६. कर्मचारीहरूलाई सूचना प्रविधि तथा इ-गभर्नेन्स सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

३०७. डिजिटल नागरिक वडापत्र यस कार्यालय र अन्तर्गतका कार्यालयहरुमा राखिनेछ ।

३०८. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै नगरपालिकालाई सूचनामैत्री तुल्याइनेछ।

३०९. सूचना प्रणालीलाई ब्यवस्थित तथा छिटोछरीतो जनतासम्म सूचनाको सहज पहुँच पुऱ्याउनको लागी *social media* को प्रयोगलाई बढावा दिईने छ साथै वेव साईट नियमिति अपडेट गरिनेछ ।

३१०. राजश्व र कर भुक्तानी प्रकृयालाई अनलाइन/ इपेमेन्ट प्रणाली मार्फत भुक्तानी गर्न सकिने व्यवस्था मिलाइनेछ ।

३११. स्थानीय न्यायिक कार्य सम्पादन प्रणालीलाई तथा सम्बन्धित अभिलेख व्यवस्थापनलाई पनि सरल र सहज बनाउन सफ्टवेयरको प्रयोग गरि थप व्यवस्थित गरिनेछ ।

३१२. नगरका विभिन्न चौक र मार्गहरुमा सिसि क्यामेरा जडान गरिने छ ।

३१३. कार्यालयमा एकीकृत सफ्टवेयर प्रणाली सञ्चालन गर्दै नगर कार्यपालिका र वडा कार्यालयहरुलाई पेपरलेस बनाइनेछ ।

## आर्थिक प्रशासन सम्बन्धि नीतिः

३१४. चौमासिक रुपमा आ.ले.प / म.ले.प प्रतिवेदनको बेरुजुलाइ फछ्र्यौट गर्ने व्यवस्थालाई नियमित गरिनेछ ।

३१५. वडा तथा नगरकार्यापालिकाको कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको त्रैमासिक अनुगमन गरि प्रतिवेदन गर्ने व्यवस्थालाई थप व्यवस्थित गरिनेछ ।

३१६. नगरपालिकासँग सम्बन्धित विभिन्न मूल्यांकन र स्वमूल्यांकनको आधारमा का.स.मू लगायत दण्ड तथा पुरस्कारको प्रबन्ध गरिनेछ ।

३१७. खर्चका मापदण्ड, कार्यक्रम/योजना सञ्चालन निर्देशिका/कार्यविधि निर्माण र कार्यान्वयन गर्ने गराइनेछ । शिक्षा, स्वास्थ्य, कृषि जस्ता क्षेत्रगत कार्यक्रम सम्वन्धी खर्च गर्दा स्वीकृत मार्गदर्शन, कार्यविधि एवम् शर्तहरु पालना भएको सुनिश्चित गरिनेछ ।

३१८. विकास योजना सम्वन्धी खर्च गर्दा योजनाको सर्भे, डिजाइन, लागत अनुमान तथा कार्यक्रम तयार एवम् स्वीकृत भएको सुनिश्चित गर्न चेकलिष्ट तयार गरी रुजु गर्ने व्यवस्था गरिनेछ ।

३१९. तालिम कार्यक्रमको लागत अनुमान तयार गर्दा कार्यक्रम सञ्चालन सम्वन्धी नर्म्स र मापदण्डको आधारमा खर्च गर्ने व्यवस्था गरिनेछ ।

३२०. तालिम, गोष्ठी आदि सञ्चालन गर्दा कार्यक्रमको प्रस्ताव र लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइनेछ ।

३२१. स्वीकृत प्रस्ताव र लागत अनुमान अनुसार कार्य सम्पन्न गरी पेश भएको प्रतिवेदनको आधारमा रकम भुक्तानी गरिनेछ ।

३२२. विल भुक्तानी गर्दा प्रचलित कानूनले तोकेको आयकर, मूल्यअभिबृद्धि कर, धरौटी कट्टी गरेर मात्र भुक्तानी दिने ब्यवस्था गरिनेछ ।

३२३. आयकर कट्टी गरिएको कर्मचारी, व्यक्ति वा संस्थाको नाम नामेसी सहितको विवरण र मूल्यअभिबृद्धि कर भुक्तानी दिएको नाम नामेसी सहितको विवरण आन्तरिक राजश्व कार्यालयमा पठाइनेछ ।

३२४. सार्वजनिक खरिद सम्बन्धी ठेक्का सम्झौता अनुसार पेश्की दिंदा सम्झौताको शर्त बमोजिम सम्झौता अवधि भरको बैङ्क ग्यारेण्टी लिई मात्र दिइनेछ ।

३२५. पेश्की लिनेदिने दुबैले पेश्की प्रयोजन अनुसार तोकिएको म्यादभित्र कानूनबमोजमको कार्यविधि अपनाई फछ्र्यौट गर्ने गराइनेछ ।

३२६. आर्थिक प्रशासन शाखाले पेश्की फछ्र्यौटको लागि प्राप्त बिल भर्पाई जाँची लिनु दिनु पर्ने रकम ठहऱ्याई पेश्की फछ्र्यौटको लागि पेश गर्नेलाई भरपाई दिने ब्यवस्था गरिनेछ ।

३२७. सरकारी कर्मचारी बाहेकका अन्य व्यक्तिको हकमा सरकारी बाँकी सरह ब्याज सहित असुलउपर गरी कारवाही गरिनेछ ।

३२८. समपुरक र विशेष अनुदानका लागि नेपाल सरकार र प्रदेशले स्वीकृत गरेको कार्यविधिमा तोकिए बमोजिमको प्रकृया पूरा गरी आयोजना माग गरिनेछ ।

३२९. आर्थिक बर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको फ्रिज हुने अनुदान रकम समयमै फिर्ता गरिनेछ ।

**खरिद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धिः**

३३०. कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा उप-शाखाको प्रयोजनमा रहेका खप्ने जिन्सी सामानहरुको अवस्था हेरी मर्मत सम्भार/लिलाम बिक्री वा मिन्हा गरी जिन्सी सामानहरुको लगत चुस्त र दुरुस्त राखिनेछ ।

३३१. कार्यालयवाट खरिद गरिएका खप्ने जिन्सी सामानहरुमा कोड/डि-कोड प्रणाली अनुसार नम्बरिङ्गको ब्यबस्था गर्दै लगिनेछ ।

३३२. प्रत्येक आर्थिक बर्ष भित्रमा जिन्सी निरिक्षण समिति गठन गरी निरिक्षण प्रतिवेदन तयार गरि कार्यालय समक्ष प्रतिवेदन पेश गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३३३. नगरपालिकाको स्वामित्वमा रहेको निजि र सार्वजनिक/ऐलानी जग्गाको लगत चुस्त र दुरुस्त राखी नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा घेराबारा गरी दिगो रुपमा संरक्षण गरिनेछ ।

३३४. गत बिगत आ.ब.हरुमा निर्माण गरिएका वा अन्य निकायहरुवाट हस्तान्तरण भै आएका नयां तथा पुराना सरकारी भवनहरुको मर्मत सम्भार गरी संरक्षण तथा सम्वर्द्धन गर्दै लगिनेछ ।

३३५. विपद व्यवस्थापनको लागि आवश्यक पर्ने जिन्सी सामाग्रीहरू को छुट्टै लगत राख्ने नीति अवलम्बन गरिनेछ ।

३३६. प्रत्येक आ.ब. को सूरुमा बार्षिक खरिद योजना निर्माण गरी कार्यालय, बिषयगत शाखा तथा उप-शाखाको प्रयोजनको लागी आबश्यक पर्ने खप्ने वा नखप्ने प्रकृतिका जिन्सी सामाग्री वा अन्य सेवाहरुको खरिद प्रकृयामा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४ तथा नेपाल सरकारद्धारा समय समयमा जारी गरिने नीति/निर्देशन/निर्देशिकाहरुको पुर्ण रुपमा पालना गर्ने नीति अवलम्बन गरिनेछ ।

## न्यायिक र मेलमिलाप सम्बन्धिः

३३७. नगरपालिकाको न्यायिक समितिलाई स्वतन्त्र निष्पक्ष पहुँचयोग्य सक्षम एव विश्वसनिय बनाउन कानुनले तोकेको समयभित्र न्यायिक समितिबाट गरिदै आएको कार्य सम्पादनलाई निरन्तरता दिइनेछ ।

३३८. न्यायिक समितिको क्षमता अभिबृद्दि गर्नुको साथै न्यायिक समितिबाट भएको मेलमिलाप र मध्यस्थता निर्णय तथा फैसला कार्यान्वयनलाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउन जिल्ला अदालतबाट अनुगमनका क्रममा दिएका निर्देशन तथा सुझाव कार्यान्वयन गर्दै न्यायिक समितिको प्रभावकारीताको अभिबृद्दि गरिनेछ ।

३३९. न्यायिक समितिका पदाधिकारी, जनप्रतिनिधि र कर्मचारी लगायतलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

३४०. व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई व्यवहारीक रुपमा थप प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

३४१. सबै वडा कार्यालयहरुमा विवाद समाधानका लागी मेलमिलापकर्ताहरुको सुचिकरण गरि मेलमिलाप केन्द्रको स्थापना गरिनेछ ।

३४२. न्याय सम्पादन प्रकृयालाई प्रभावकारी बनाउने उद्देश्यले न्यायिक समिति मार्फत स्थलगत बस्तुस्थिति तथा अवस्था बिश्लेषण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३४३. वडा तथा बस्तिस्तरमा कानूनी साक्षरता तथा न्यायिक सचेतिकरण सम्बन्धि कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

३४४. जोखिममा परेका बर्गहरुको उद्दार पस्चात पुनर्स्थापना नहुदा सम्मका लागि सुरक्षित आवासको ब्यवस्थापनको लागि सुरक्षित आवास गृह *(safe house)* सञ्चालनमा ल्याउन पहल गरिनेछ ।

३४५. आधारभुत तालिम दिई मेलमिलापकर्ता थप गरिनेछ ।

३४६. न्यायिक समितिको काम कारवाहीलाई सफ्टवेयरको प्रयोग गरी प्रविधिमैत्री बनाउदै लगिनेछ ।

३४७. न्यायिक समितिको निर्णयहरु कार्यान्वयन गर्न मौजुदा कानून र आवश्यकताका आधारमा थप कानूनको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**विविधः**

३४८. योजनाहरुको आवश्यकताको पहिचान, प्राथमिकीकरण, संचालन तथा मर्मत सम्भार सम्बन्धी कार्यहरुमा अधिकाधिक जनसहभागिता बृद्धि गरी जनस्वामित्व बढाउदै लगिनेछ ।

३४९. स्वनिर्भर स्वशासन तर्फ अग्रसर हुन आन्तरिक आयवृद्धिमा जोड दिइनेछ ।

३५०. उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइने छ ।

३५१. नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, सह-कार्य र सह-अस्तित्वको सिद्धान्त बमोजिम आफ्नो अधिकार तथा जिम्मेवारीलाई जनहितमा उपयोग गरिनेछ ।

३५२. स्थानीय सुशासनको निमित्त स्थानीय तह संस्थागत स्वमूल्याङ्कनका सूचकहरूलाई प्रभावकारीताका साथ कार्यान्वयनमा ल्याइनेछ ।

३५३. वातावरण मैत्री स्थानीय शासनको प्रारूप पूर्णरुपमा कार्यन्वनमा ल्याई आ-आफ्नो स्थानीय तहलाई सफा, सुन्दर, स्वच्छ र हराभरा बनाइनेछ ।

३५४. नगरपालिकाको मौजुदा कानूनहरुलाई अध्ययन गरी आवश्यकता र समायानुकूल संशोधन गरी कानून संग्रहको रुपमा प्रकाशित गरिनेछ ।